नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग

५५४४७२६
५५२५७३३
५५२२०५६
५५४४७२७
५५२५४७९
फ्याक्स – ५५४२९१५
ईमेल: dgdls@ntc.net.np

हरिहरभवन, पुल्चोक
ललितपुर ।

पत्र संख्या :- २०७६।०७७
चलानी नं. :- ७७

मिती: २०७६।१२।३

## प्रेस विज्ञप्ति

विश्वव्यापी रूपमा फैलिएको नोवेल कोरोना (COVID-19) भाइरसको महामारीबाट नेपाल पनि आक्रान्त भइरहेको व्यहोरा सम्पूर्णमा अवगत नै छ। यसै सन्दर्भमा नेपालका बिभिन्न सञ्चार माध्यम तथा सामाजिक संजालहरूमा कुखुराको मासुमा कोरोना जस्ता नकारात्मक समाचारहरू प्रकाशित तथा प्रसारण भइरहेको उजुरी प्राप्त भएकोमा नेपालको आत्मनिर्भर पोल्ट्री व्यवसायमा असर गर्ने यस्ता भ्रामक समाचारप्रति पशु सेवा विभागको गम्भीर ध्यानाकर्षण भएको छ।

हालसम्म विश्व स्वास्थ्य संगठन (WHO), विश्व पशु स्वास्थ्य संगठन (OIE) लगायत अन्य अनुसन्धान निकायबाट समेत कुनै पनि जनावर वा पन्छीबाट कोरोना भाइरस सर्ने वैज्ञानिक आधार नरहेको विषय सम्पूर्ण उपभोक्तावर्गमा सादर अनुरोध छ। कुखुराको मासु तथा अण्डाको नियमित सेवनबाट कोरोना भाइरसको विरुद्ध रोग प्रतिरक्षा क्षमता अभिवृद्दि एवम् अन्य संक्रमणबाट जोगाउन अत्यावश्यक प्रोटिन तथा अन्य पोषकतत्वहरू उपलब्ध हुने व्यहोरा समेत सम्पूर्ण उपभोक्तामा सादर अनुरोध छ। साथै भ्रामक एवम् कपोकल्पित समाचारहरू प्रकाशित प्रसारित नगर्न नगराउन र आम उपभोक्ता समेत यस्ता तथ्यहीन समाचारबाट भ्रमित नहुन समेत अनुरोध छ।

२०७६।१२।३

डा. बंशी शर्मा
महानिर्देशक